वडा कार्यालय उद्घाटन । पृष्ठ ४ मा

प्रेस काउन्सिलबाट 'क' वर्गको मान्यता प्राप्त

# विकास

www.bikaskhabar.com खबरपत्रिका साप्ताहिक

कार्यालय:
थाहा नगरपालिका-४
मकवानपुर
सम्पर्क नं.
९८०७१५३३००
इमेल:
bikaskhabar@gmail.com

● मकवानपुर, वर्ष-१४, ● अंक-०८ ● २०७८ भदौ २१ गते सोमबार, ● 06 Sep. 2021, ● नेपाल सम्वत्-११४१, ● पृष्ठ-६, ● मूल्य रु. १०/-




## थाहानगरका कृषक उन्नत खेती प्रणालीमा आकर्षित हुँदै

अम्बिका के.सी.
थाहानगर

आफ्ना पुर्खाले गर्दै आएको पेसा गर्न हामि लजाउछौ तर थाहा नगरपालिका वडा नं. २ पालुङका किसान उमेश श्रेष्ठसँग फरक अनुभव छ, कृषि पेशा आफ्नो पुर्ख्यौली पेशा हो यही अंगालेको छु, सुखी, खुसी र सन्तुष्ट छु पेशा गर्न कहिल्यै लजाइनँ ।

कृषिलाई पुर्ख्यौली पेशा ठान्ने श्रेष्ठ लामो समयदेखि कृषि पेशामा आबद्ध भए पनि व्यावसायिक खेतीमा लागेका ५ वर्ष भयो । व्यावसायिक खेती शुरू गरेदेखि अन्य पेशा व्यावसाय भन्दा कृषिबाटै राम्रो आम्दानी भईरहेका कारण कृषिमै आकर्षित भएको उमेश बताउँछन् ।

थाहा २ फाँटबजारमा १२ रोपनी जग्गामा खेती गर्दै आएका श्रेष्ठले व्यावसायिक खेतीको विषयमा बुझेपछि अहिले यसैमा आफुसहित परिवार दृढताको साथ लागिपरेको बताउँछन् । कृषिकै आम्दानीबाट ६ जनाको परिवार सन्तुष्टसँग बसेको अनुभव उनीसंग छन् ।

कृषिमा व्यावसायिकिकरण गर्न सके आम्दानी राम्रो लिन सकिने देखेर श्रेष्ठले टनेलमा खेती गर्न थालेको बताउँछन् । १२ रोपनी जग्गामा अहिले १९ वटा टनेल हालेर उनी खेती गरिरहेका छिन् । टनेलको खेती सामान्य भन्दा राम्रो हुने अनुभव उनीसँग छ । अहिले रातो पहेलो जातका र हरियो भेडे खोर्सानीले राम्रो उत्पादन दिन थालेको छ । उनका टनेलमा करिब ८ हजार ५ सय विरूवा हुर्किएका छन् । एउटा बोटबाट सामान्य अवस्थामा २ देखि ३ के.जी. फल्ने भएकाले यस वर्ष १५ लाख भन्दा बढी नाफा हुनेमा ढुक्क भएको बताउँछन् ।

टनेलमा यो वर्ष रायो साग पनि उस्तै फस्टाएको छ । काउली, बन्दा, पिरो खोर्सानी, करेला लटरम्मै छन् । त्यसबाट पनि राम्रै आम्दानी हुने विश्वास छ ।


थाहानगरको बज्रवाराही क्षेत्र ।

उमेश श्रेष्ठको ६ जनाको परिवार कृषिमा आवद्ध छन् । उनको श्रीमती सर्मिला श्रेष्ठ पनि वैदेशिक रोजगार र अन्यत्रको जागिरभन्दा सँगै बसेर गरेको यही पेशाबाट सन्तुष्ट हुनुहुन्छ । कक्षा ११ र कक्षा ८ मा अध्ययनरत २ छोरा पनि व्यवसायिक कृषिमा आकर्षित छन् । पढाई बाहेकको समय खेतबारीमै हुन्छन् यो अहिलेका पुस्तालाई सिक्ने सिकाई पनि हो । यस सँगै अन्य ३/४ जानलाई नियमित रोजगारी पनि दिएकाछन् ।

आजभोलि जमिनको स्वामित्व हुनेहरू खेती गरेर लगानी नउठ्ने देखेर खेती गर्न छोडेका छन् । यसले गर्दा जमिन हुने मात्र होइन जमिन नहुनेहरू पनि अर्काको जमिनमा खेती गरेर फाइदा नहुने देखी विस्तारै वैदेशिक रोजगारीमा जान थालेपनि कोरोनाको कहरले बेरोजगारी भएकाहरू खेति गरेर राम्रै आम्दानी गर्न सकिन्छ भनेर हौसियका छन् यसलाई राज्यले व्यवस्थापन गर्न सके हामी कृषीमा आत्मनिर्भर बन्न सक्ने यस क्षेत्रसंग सम्बन्धीतहरू बताउँछन् ।

गत साल मलका लागि बोरा बोकेर लाईन बसेको अनि काउली रोपेर नफुलेको ईतिहाँस झल्झली सम्झदै अब त्यो न दोहोरिय हुन्थ्यो भन्ने सम्झदै उन्नत जातको बीउ पाइन्न, आवश्यक पर्दा मल पनि यो आफु जस्ता सबै किसानको दुर्भाग्य भएको श्रेष्ठ बताउँछन् । आवश्यक्ता अनुसार मल र बिउविजन नपाउनु किसानका लागि सबै भन्दा दुःखको कुरा भएको बताउँदै यसको सुनिश्चितता भए लगानीको प्रतिफल सुनिश्चित हुने बताउँछन् ।

बजार नपाउदा यो वर्ष मात्र श्रेष्ठले १० टन मुला फाल्नु परेको सम्झन्छन् । यस्ता समस्या यो वर्ष मात्र पनि होईन । यो वर्षको सुरूवातमा काउली खेरै गएको दुःख सुनाए । जीवनभरको कमाई र श्रमलाई चुनौति मोलेर खेतीमा लगानी गर्‍यो विक्री नभएर चुर्लुम्म हुँदा किसान रोयर बस्नु पर्ने अनि, राज्य रमिते बनिरहने परम्परा कहिले हट्छ भन्ने उनको मनमा सधै आँउछ तर सरकारले उत्पादनमा जस लिने बजार र क्षयमा जिम्मेवारी नलिदा सम्म किसान कृषिमा आकर्षित नहुने अनुभव सुनाउँछन् ।

१९ वटा टनेल निर्माण गर्दा करिब प्रति टनेल निर्माण लागत ३० हजार लाग्छ तर त्यस मध्ये ५ वटा टनेल कृषि आधुनिकिरण परियोजान जोनबाट ५० प्रतिशत अनुदान पाएको र अन्य कुनै सहयोग नपाएको कृषक श्रेष्ठले दुःख पोखे ।

## जोन कार्यालय हेटौंडा सार्ने हाकिमको योजना

◆ विकास संवाददाता

प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना, परियोजना कार्यान्वयन इकाई तरकारी जोन पालुङमा नयाँ हाकिम हाजिर हुने वित्तिकै नयाँ निर्णयको मोडमा पुगेका छन् । १८ भाद्रमा मात्र शिखरकोट कार्यालयमा स्वागत कार्यक्रम गरेर भित्रिएका वरिष्ठ कृषि विकास अधिकृत कृष्ण प्रसाद पौडेल दैलो टेक्न नपाउँदै कार्यालय नै सारेर यहाँका किसानले दुःख दिने बाटोमा लागेका हुन् ।

मकवानपुरकै एक कृषि सेवा केन्द्रमा रही कार्य गरेको अनुभव बटुलेका पौडेल जिल्ला कार्यालय हुँदै विभिन्न जोन कार्यालयमा समेत सेवा गरिसकेका छन् । उनी हेटौंडासंग परिचित छन् । अहिले पनि उनी प्युठानको जोन कार्यालयबाट सरूवा भई पालुङ आएका हुन् । कार्यालय प्रमुख पौडेल यो वा त्यो बहानामा कार्यालय सारेरै छाड्ने निर्णयमा पुगिसकेको स्रोतले बतायो । स्रोत भन्छ– 'कार्यालय राख्न पौडेल हेटौंडामा घर खोज्न गैसकेका छन् ।'

तरकारी जोनको कार्यालय मकवानपुर थाहा नगरपालिका वडा नम्बर ३ शिखरकोटमा रहेको छ । तरकारी जोनको शुरूमा मकवानपुरको थाहा नगरपालिकाको १० वटा वडा र इन्द्रसरोवर गाउँपालिकाको ५ वटा वडा कार्य क्षेत्र हुने गरी आर्थिक वर्ष ०७३/०७४ मा कार्यालय स्थापना गरेको हो । जोनले आर्थिक वर्ष २०७५/०७६ मा थाहा नगरपालिकाको सबै वडा र इन्द्रसरोवर गाउँपालिकालाई कार्य क्षेत्रको रूपमा संचालन गरेको हो । तरकारी जोनको अवधि ५ वर्षको हुनेछ । हाल संचालित जोन परियोजनाको अवधि अझै एक वर्ष बाँकी रहेको छ ।

पाँच वर्षसम्म कार्यालय संचालन गर्ने गरी थाहा–३ का स्थानीय मधुसुदन रायमाझीको घरमा सम्झौता गरी कार्यालय स्थापना गरेको हो । तरकारी जोनको कार्यालय हेटौंडामा सार्ने योजना सहित भाडाको घर खोज्न कृषि अधिकृत अनिल तिवारी पनि पौडेलसंगै हेटौंडा पुगेका छन् ।

## नेपाली काँग्रेस थाहाका १२ वटै वडामा नयाँ नेतृत्व



◆ विकास संवाददाता

मकवानपुर थाहा नगरपालिकाका १२ वटै वडामा नेपाली कांग्रेसको वडा अधिवेसन सम्पन्न भएको छ । नगरका १२ वटै वडामा एक साथ भएको वडा अधिवेसनले वडा समिति तथा क्षेत्रिय प्रतिनिधि चयन गरेको छ ।

विभिन्न १२ वडामा भएको अधिवेसनबाट नगरको वडा सभापतिहरूमा क्रमशः वडा नम्बर १ मा रूपचन गोपाली सभापतिमा निर्वाचित भएका छन् । त्यसैगरी वडा नम्बर २ मा गोकर्ण बरूवाल, वडा नम्बर ३ मा बिक्रम गोपाली, वडा नम्बर ४ श्री कृष्ण के सी, वडा नम्बर ५ मा सन्तबाहादुर गुरूङ, वडा नम्बर ६ मा कालिचरण अधिकारी, वडा नम्बर ७ मा शिवराज थिङ, वडा नम्बर ८ मा रामकुमार घलान, वडा नम्बर ९ मा राजेन्द्र खत्री, वडा नम्बर १० कुलचन्द्र अर्याल, वडा नम्बर ११ मा चिनकुमार गोले र १२ नम्बर वडामा उरवन लामा तामाङ वडा सभापतिमा निर्वाचित भएको नेपाली काँग्रेस थाहानगरले जनाएको छ ।

अधिवेशनबाट कांग्रेसको विधान अनुसार नगरका १२ वटै वडामा सभापति सहित उप सभापति, सचिव र सहसचिव २/२ जना र कोषध्यक्ष १ मनोनित गरि समावेशी र आरक्षण सहित २७/२७ सदस्यिय वडा समिति चयन भएको र प्रत्येक वडाबाट वडाहरूले १५ देखि २१ जना क्षेत्रिय प्रतिनिधि चयन गरेको नेपाली कांग्रेसका नेता तथा ६ नम्बर वडाबाट प्रतिनिधि चयन भएका प्रमोद जोशीले जानकारी दिए ।

थाहाका सबै वडामा सर्व सहमत रूपमा समितिका पदाअधिकारीहरू निर्वाचित भएको काँग्रेसले जनाएको छ । यस पटक थाहानगरका १२ वटै वडाहरूमा अधिकांश युवाको नेतृत्वमा वडा समिति समिति निर्माण गरिएको जोशीले बताए । नगरका कुनै पनि वडामा महिला सभापति भने निर्वाचित भएका छैनन् ।




समयमै व्यक्तिगत घटना दर्ता गरौं ।

थाहा नगरपालिका
इन्द्रायणी चौर, मकवानपुर
पञ्जीकरण शाखा




जन्म दर्ता बालबालिकाको नैसर्गिक अधिकार हो । जन्मेको ३५ दिन भित्रै आफ्नो स्थानीय तहमा गई दर्ता गरौं । जन्म र मृत्यु दर्ताको सूचना परिवारको मुख्य व्यक्तिले र निजको अनुपस्थितिमा परिवारको उमेर पुगेको व्यक्तिले सूचना दिन सक्छन् । जन्म, मृत्यु, बसाई सराई, विवाह एवं सम्बन्ध विच्छेदका घटना दर्ता गर्नु नागरिकको कर्तव्य हो । बसाई सराई गर्दा व्यक्ति आफू मात्र बसाई सरी गए व्यक्तिले र परिवार नै बसाई सरी गए परिवारको मुख्य व्यक्तिले दर्ता गर्नु पर्छ ।

प्रेस काउन्सिलबाट 'क' वर्गको मान्यता प्राप्त
www.bikaskhabar.com
जि.प्र.का. मकवानपुर दर्ता नं. ५९/२०६५/०६६ म.जि.हु.दर्ता नं. २३/२०६६/०६७
www.bikaskhabar.com
bikaskhabar@gmail.com

## • सम्पादकीय •

### विद्यालय संचालनमा जोखिम न्यूनीकरण

कोभिड-१९ का कारण विश्वव्यापी महामारीको रुप लिए पश्चात् दुई वर्षदेखि समाजका विभिन्न क्षेत्रहरु नराम्ररी प्रभावित भएका छन् । कोभिड-का कारण शिक्षा क्षेत्र पनि महामारीबाट थिलोथिलो बन्न पुगेको छ । भविष्यका सक्षम र योग्य नागरिक उत्पादन गर्ने थलो लामो समयदेखि बन्द हुँदा दीर्घकालीनरुपमा पनि ठूलो क्षति व्यहोर्नुपरेको छ । विगत डेढ वर्षयता कोभिड-१९ महामारीका कारण विद्यार्थीहरुको पठनपाठन मात्र नभएर परीक्षासमेत सञ्चालन गर्न नसक्ने परिस्थिति सिर्जना हुँदा लाखौं बालबालिकाको भविष्य अन्धकारमय बन्न पुगेको छ । कोभिड-१९ को दोस्रो भेरियन्टका कारण पनि विगत पाँच महिनादेखि बन्द भएका स्कूल-कलेजहरु अब सञ्चालनमा ल्याउनुपर्ने आवश्यकता सर्वत्र महसुस गर्न थालिएको छ । स्थानीय तहहरुले अवस्था विश्लेषण गरेर विद्यालय/क्याम्पससंग कार्य योजनाहरु माग गरिसकेको छ । कतिवय शिक्षण संस्थामा पठनपाठन पनि शुरु भैसकेको छ । कोभिड महामारीका कारण बालबालिकाहरुलाई अनलाइनमार्फत् शिक्षण गराउने प्रयास भए पनि त्यो प्रभावकारी बन्न सकेन । शहर बजारका सुविधासम्पन्न स्थानमा बस्ने विशेषगरी कलेजस्तरका विद्यार्थीहरुका निम्ति अनलाइन कक्षा थोरै उपयोगी देखियो । तर दुर्गम गाउँमा बस्ने, विद्युत एवं इन्टरनेटको पहुँच नभएका स्थानमा अनलाइन कक्षा सम्भव थिएन । यसले बरु अभिभावक र विद्यार्थीहरुमा मनोवैज्ञानिक त्रास वा एकखालको बेचैनी बढाउने काम गऱ्यो ।

विगत पाँच-महिनादेखि स्कूल कलेजहरु सञ्चालनमा आउन नसकिरहेको परिस्थितिमा पूर्ववत रुपमा पठनपाठन सञ्चालन गर्ने चाहना स्वाभाविक हो । तर यसरी पठनपाठन सुचारु गर्दा धेरै कुराहरु ख्याल गर्नुपर्ने हुन्छ । कोरोना महामारीको प्रभाव देशभर समान किसिमको नभएकोले स्थानीय परिस्थिति वा अवस्थालाई मध्यनजर गर्दै पठनपाठन सुचारु गर्ने दायित्व स्थानीय सरकार र संवद्ध सबै सरोकारवालाहरुको हो । विद्यालय सञ्चालन गर्दा आउन सक्ने जोखिमलाई ख्याल गर्दै पठनपाठन सञ्चालन गर्ने एउटा उपयुक्त विधि निर्माण गर्न सकियो भने त्यो दिगो एवं उपयोगी हुनेछ । कोरोना महामारी अहिले केही कम भएजस्तो देखिए पनि आवश्यक सतर्कता अपनाएर स्वास्थ्य मापदण्ड पालना गर्न सकिएन भने पुनः बढ्नेछ । त्यसैले एक दिन विराएर वा सिफ्टको व्यवस्था गरेर विद्यार्थी संख्या आधा कम गरी भौतिक दूरी कायम गर्दै विद्यालय सञ्चालन गर्न सकियो भने जोखिम कम गर्न सकिनेछ । यसैगरी मास्क लगाउने, साबुन पानीले हात धुने, स्यानीटाइजर प्रयोग गर्ने जस्ता स्वास्थ्य सतर्कता अपनाउने कुरामा कत्ति पनि लापरवाही हुनुहुँदैन ।

स्कूल-कलेजहरुमा महामारी फैलियो भने त्यसले भयावह रुप लिने निश्चित छ । त्यसैले यस्ता कुरामा धेरै संवेदनशीलता अपनाउन जरुरी हुन्छ । कोरोना महामारीको चर्कदो समयमा विशेषगरी गत वैशाख-जेठमा धेरैशिक्षकहरुले जीवन गुमाए । शिक्षकहरुलाई महामारीविरुद्धको खोप उपलब्ध नगराउँदा धेरै क्षति व्यहोर्नुपऱ्यो । यस विषयमा सरकारको व्यापक आलोचना भएपछि अहिले प्रायः सबै शिक्षकहरुले खोप लगाइसकेको अवस्था छ । तर विद्यार्थी बालबालिका एवं किशोर किशोरीहरुले अझै खोप लगाउन पाएका छैनन् । अब आउने कोरोना महामारीको तेस्रो लहरबाट बालबालिकाहरु बढी प्रभावित हुने कुरा विज्ञहरुले बताइरहेकाले स्कूल-कलेज सञ्चालन गर्दा ठूलो जोखिम निम्तिन सक्छ । त्यसैले आगामी दशैं-तिहारसम्म विद्यार्थीहरुलाई खोप उपलब्ध गराउने विषयलाई प्राथमिकतामा राखेर स्कूल-कलेज सञ्चालन गर्न सकियो भने जोखिम कम भएर जानेछ ।



### थाहा नगरपालिकाको शिखरकोट काउण्टरबाट दिवा बस सेवा

| | | |
|---|---|---|
| विहान | ६:१५ | बजे काठमाण्डौ (हाइस) |
| विहान | ६:१५ | बजे हेटौंडा (फोर्स) |
| विहान | ७:१५ | बजे काठमाण्डौ (बस) |
| विहान | ८:00 | बजे हेटौंडा (बस) |
| विहान | ८:१५ | बजे सिमभन्ज्याङ हुँदै काडमाण्डौ (फोर्स) |
| विहान | ९: 00 | बजे काठमाण्डौ (मिनीबस) |
| विहान | ९:00 | बजे हेटौंडा जम्बो हाइस |
| विहान | ९:४५ | बजे काठमाण्डौ फोर्स |
| विहान | १0:१५ | बजे मार्खु, पालुङ हुँदै हेटौंडा (मिनीबर्स) |
| विहान | १0:१५ | बजे काठमाण्डौ(फोर्स) |
| विहान | १0:30 | बजे हेटौंडा (फोर्स) |
| विहान | ११:१५ | बजे काठमाण्डौ (मिनिबस) |
| विहान | १२:३0 | बजे हेटौंडा (बर्स) |
| मध्यान्ह | १२:३0 | बजे काठमाण्डौ (बस) |
| मध्यान्ह | १:३0 | बजे हेटौंडा (मिनीबस) |
| दिउँसो | १:३0 | बजे पालुङ गोगने पकने (मिनीबस) |
| दिउँसो | १:३0 | बजे काठमाण्डौ (फोर्स) |
| दिउँसो | २:३0 | बजे काठमाण्डौ (फोर्स) |
| दिउँसो | ३:00 | बजे पालुङबाट मार्खु (बस) |
| दिउँसो | ३:३0 | बजे पालुङबाट काठमाण्डौं (बस) |

*थप जानकारीको लागि नारायणी यातायात दिवा बस सेवा तथा टिकट काउण्टर दामन शिखरकोट इन्चार्ज अरुण लामा ९८५५०७२३२२ र नरेन्द्र अधिकारी ९८५५०७०५६१*

### महत्वपुर्ण टेलिफोन नम्बरहरू

| | |
|---|---|
| पालुङ एम्बुलेन्स (चालक) | ९८१४२०७४०१ |
| आग्रा एम्बुलेन्स (चालक) | ९८६०२२३७५५ |
| जनकल्याण उच्च मा.वि. | ०५७-६२०३६४ |
| थाहा नगरपालिका कार्यालय | ०५७-४०००५६ |
| मत्स्यनारायण मा.वि. | ०५७-६२०५१२ |
| ईप्रका पालुङ (प्रमुख) | ९८५५०६९४९९ |
| प्रहरी चौकी फाखेल | ०५७-६९२५१८ |
| जिल्ला प्रशासन मकवानपुर | ०५७-५२०३८८ |
| विद्युत प्राधिकरण पालुङ | ०५७-४०००२९ |



# महिला कृषकको योगदानको मूल्याङ्कन खोइ ?


थाहानगरका महिला कृषक । फोटोः गणेश विष्ट/विकास

**लेखकः डा. केदार कार्की**

नेपालको समग्र राष्ट्रिय अर्थतन्त्रमा पशुपालन क्षेत्रको महत्वपूर्ण भूमिका छ । ग्रामिण क्षेत्रमा रहेका पूर्ण बेरोजगार तथा अर्ध बेरोजगारलाई पशुपालन क्षेत्रले भरपर्दो रोजगारी श्रृजना गरेको छ । यस क्षेत्रमा हुने विकासले महिला सशक्तिकरणमा ठूलो योगदान पुऱ्याएको छ । पारिवारिक कृषि खेती प्रणाली भएको हाम्रो मुलुकमा पशुपालन कृषिको अभिन्न अंग रहि आएको छ । यस पशुपालन क्षेत्रमा महिलाको सहभागिता प्राप्त एतिहासिककालदेखि निरन्तर रहि आएको छ । साँस्कृतिक, सामाजिक यद्यपी भिन्न-भिन्न भौगोलिक पर्याबरणीय, मौसमी अवश्यकता अनुसार पशुपालनका पद्धती फरक पर्न सक्छन । पशुपालन कार्यमा पशुहरूको हेरचाह अनी व्यवस्थापनमा महिलाको भुमिका केन्द्र विन्दुमा नै रहने गरेको पाइन्छ ।

ग्रामीण अर्थतन्त्रमा महिलाहरूले उल्लेखनीय योगदान गर्ने गर्दछन् । विश्व खाद्य तथा कृषि संगठनको तथ्याङ्कअनुसार विश्वको जनसंख्याको ४९.४ प्रतिशत मानिस ग्रामीण क्षेत्रमा बसोवास गर्दछन । नेपालको सन्दर्भमा भने यो जनसांख्कि तथ्याङ्क ७० प्रतिशतको हाराहारीमा भेटिन्छ । ग्रामीण क्षेत्रका अधिकांश क्रियाशिल उमेरका जनशक्ति वैदेशिक रोजगारी तथा निकटका शहरी औद्योगिक क्षेत्रमा श्रमका लागि पलायन हुने हाम्रो जस्तो परिवेशमा ग्रामीण कृषि तथा पशुपालनको सबै व्यवसाय प्रक्रिया कामको जिम्मेवारी ग्रामीण महिलाको काँधमा भर परेको छ भन्दा अन्यथा न होला ।

यद्यपी कृषि प्रणाली अनुसार यिनिहरूको आवद्धता र योगदान फरक हुनसक्छ । कृषि तथा पशुपालन क्षेत्रका विविध खाले कार्यमा महिलाको सहभागिता भने परिवारमा भुस्वामितत्वको आधारमा फरक पर्न सक्छ । यस्ता भूमिकामा कामदारदेखि व्यवस्थापकसम्मको हुन सक्छ । सम्पूर्ण कृषि जन्य उत्पादनमा महिलाले कुल श्रमको ५५ देखि ६६ प्रतिशत औषत योगदान पुऱ्याउँदछन् । औसतमा महिलाले प्रतिदिन ९.९ घण्टा तथा पुरूषले ५.८ घण्टा दैनिक कृषिपालन क्षेत्रवाट हुने सकल आमदानीमा महिलाको योगदान ५० प्रतिशत हुने गर्दछ ।

भौगोलिक क्षेत्र कृषि तथा पशुपालन प्रणालीअनुसार महिलाको सहभागिता तथा योगदान फरक हुन सक्छ तर पनि तिनीहरूको ब्याड राख्नेदेखि बाली मित्रयाउने तथा उत्पादन प्रसोधन जस्ता कार्यमा केन्द्रिय भूमिका मा श्रम खर्च गरेका हुन्छन ।

सामान्यतया आदिवासी जनजाति समुदायका परिवारिक स्थितिमा महिलामा निर्णय लिने क्षमता बढी हुने गर्दछ । किनभने पारिवारिक आयआर्जनमा तीनको योगदान बढी हुने गर्दछ । महिलामा बढदो भूस्वामित्व, शिक्षा, आर्थिक श्रोतसम्मको पँहुच, ग्रामीण रोजगारीको अवसरले कृषि तथा पशुपालनको क्षेत्रमा उत्पादकत्वमा बृद्धि हुनुका साथै खाद्य सुरक्षाको सुनिश्चिता, आर्थिक संबृद्धि हुनुका साथै खाद्य सुरक्षाको सुनिश्चिता आर्थिक संबृद्धि हुनुका साथै खाद्य सुरक्षाको सुनिश्चिता आर्थिक संवृद्धि हुनुका साथै खाद्य सुरक्षाको सुनिश्चिता आर्थिक संवृद्धिय तथा सामाजिक कल्याण तथा सुरक्षाको ग्रामीण क्षेत्रमा अनुभुति गराउँछ । कृषिमा लैंगिक समानता, महिला सशक्तिकरण कृषि तथा पशुपालन क्षेत्रको विकास तथा खादय सुरक्षाको प्रत्याभुतिका लागि महत्वपुर्ण मानिन्छ । त्यसैले श्रोतको समान पहुँच कृषिका नीति तथा कार्यक्रम लैंगिक मैत्री हुनुका साथै दिगो कृषि पशुपालन क्षेत्रको विकासको लागि समान सहभागिताका लागि सम्वोधन हुनु पर्दछ । फिरन्ते एवं मिश्रित कृषि प्रणालीमा पशुपालन क्षेत्रले महत्वपूर्ण भूमिका खासगरी उच्च तथा मध्य पहाडी क्षेत्रमा ओगटेको छ । धेरै मुलुकहरूमा पशुपालनलाई कृषिको महत्वपूर्ण पूँजी मानिन्छ, साथै आयआर्जनको प्रमुख श्रोत साथ धन आय संचयको माध्यम तथा आकस्मिक आपत विपतका वेला दरिलो भरथेक गर्ने आर्थिक आधार पनी ।

घोडा, खच्चर, उट, भेडा, च्याङग्रा, गोरू, राँगा, जस्ता पशुहरू जोत्ने गाडा तान्ने भारी वोक्ने, जमीनको सरसफाई तथा पारवाहनको लागि शक्तिको रूपमा प्रयोग गरिन्छ । दुध, फुल, मासुको रूपमा मानव स्वास्थ्यको लागि आवश्यक प्रोटीन आपुर्ति गर्नुका साथै पशुपंक्षीकावाट बालीबोट विरूवा तरकारी बारीका लागि महत्वपूर्ण प्राङ्गारिक मल पनि उपलब्ध हुने गर्दछ ।

यसैले पशुपालन क्षेत्रको विकास हुँदा ग्रामीण अर्थतन्त्र पनि सवल हुने गर्दछ जसले गर्दा ग्रामीण क्षेत्रमा ग्रामीण अर्थतन्त्रको विकास पनि हुन पुग्छ । जसको प्रभावमा ग्रामीण गरीवी न्यूनीकरणमा सहयोगी भूमीका निर्वाह गर्न सक्छ । ग्रामीण महिलाले पशुपालनका विविध कार्यक्षेत्र, पशुलाई दाना आहार दिने पशुप्रजनन गराउने, स्वस्थ्य सेवा तथा अन्य पशुपालन जन्य व्यवस्थापिकय कार्यमा उल्लेखनिय प्रत्यक्ष योगदान पुऱ्याउने गर्दछन् । पशुपालन तथा यसक्षेत्रको विकासमा महिलाको संलग्नता विश्वव्यापी रूपमा लामो परम्परादेखि रहि आएको मानिन्छ । महिलाहरू पशुपालनमा सधनरूपमा संलग्न हुने हुँदा यस क्षेत्रले महिलाको आर्थिक अवस्थामा सुधार ल्याउन महत्वपूर्ण भूमिका खेल्दछ ।

ग्रामीण क्षेत्रमा महिलाहरू पशुपालनका विभिन्न कार्यमा विहानदेखि साँझसम्म अनवरत रूपमा संलग्न हुने गर्दछन । यिनीहरूले पशुहरूको हेरचाहमा घरका पुरूष तथा केटाकेटीसंग जिम्मेवारी बाँटफाँड गर्दछन् । पशुपालनका केही खास काममा पुरूषभन्दा महिलाको संलग्नता बढी हुने गर्दछ । खासगरी महिलाहरू, कुखुरा पालन, बंगुर पालन, बाखापालन, दुधालुपालन तथा घरभित्र बाँधेर पालेका जनावरको हेरचाहमा बढी संलग्न हुने गर्दछन । जव पशुपालन क्षेत्रको परिवारका सदस्य वीच कामको बाँडफाँड हुन्छ ।

पुरूषको भागमा पशुको गोठ निर्माण गर्ने, चरणमा पशु चराउन लैजान तथा महिलाहरू शारीरिक प्राकृतिक अवस्थामा बाहिर हिडडुल गर्न नसक्ने अवस्थामा पशु जन्य पदार्थको बजारमा विक्री गर्ने जस्ता काम पर्दछ । दुध फुल, जिउँदो कुखुराको विक्री वितरण गर्ने काममा महिलाको दह्रो दख्खल हुने गर्दछ । यो अवस्था सामाजिक परिवेश तथा भौगोलिक अवस्था अनुसार तलमाथि हुन सक्छ । तर प्रायः जसो पुरूषहरू ठूला गाई, भैंसी, घोडा खच्चड ऊँट जस्ताको विक्री वितरणमा संलग्न हुन्छन भने, भेडा, बाख्रा बंगुर कुखुरा, खरायो जस्ता साना जनावर को विक्री वितरण तथा आर्थिक कारोवार मा भने महिलाको अधिपत्य बढि हुने गर्दछ । जुन सामाजिक परिवेशमा भूस्वामित्वमा पुरूषको एकाधिकार हुन्छ । त्यस्ता समुदायमा पशुधन व्यवसाय महिलाको लागि आकर्षक पेशा मानिन्छ । जुन हाम्रो आफनो परिवेशमा पेवाको रूपमा परम्परादेखि प्रचलनमा छ । जस्ता पशुपालनबाट प्राप्त हुने आय आर्जनमा महिलाको पूर्ण एकाधिकार स्थापित रहेको हुन्छ । यदयपी स-साना इकाइमा गरिएको पशुपालन तथा व्यवसायिक पशुपालन क्षेत्र तथा पशुपंक्षी जन्य उत्पादनको व्यापारिक विक्री वितरणमा महिलाको सहभागिता प्रत्यक्ष रूपमाबारे हाम्रो आफ्नो परिवेशमा कमै अभिलेखिकरण गरिएको पाइन्छ ।

यद्यपी पशुपालन व्यवसायमा महिलाको यथेष्ठ सहभागिता हुँदा हुँदै पनि तिनको योगदानको न्यून मूल्याँकन गरिएको स्थिति छ । अव वेला आएको छ । गरीबी निवारण तथा महिला सशक्तिकरणमा पशुपालनको भूमिकाको महत्व स्थापित गर्न । आर्थिक रूपमा सशक्तीकृत महिला नै समतामुलक समाजका प्रतिक अनि आधार हुन भन्ने बेला आए जस्तो पनि छ । जसका लागि कृषि क्षेत्रका पशुपालनका लागि महिलाको सकृय सहभागिताको लागि महिलालाई महिलाकै हैसियतमा भूस्वामित्व पहुँच, वित्तिय श्रोत सम्मको पँहुच एवं पशुपालनका नवीन प्रविधि एवं बजार व्यवस्थापनका शिप मुलुक अध्ययन तालीमको नीतिगत रूपमा क्रमिक व्यवस्था गरिनुपर्ने अपरिहार्य देखिन्छ ।

*(-इमेल प्राप्त)*



# कस्तो जीवनसाथी खोज्छन् युवायुवती ?

आफ्नो वैवाहिक जीवनबारे धेरैलाई उत्सुकता हुन्छ । कस्तो जीवनसाथी रोज्ने ? कसरी सम्बन्ध अगाडि बढाउने ? घर-परिवारको सुखका लागि कसरी आपसमा तालमेल मिलाउने ? आर्थिक व्यवस्थापन कसरी गर्ने ? परिवारको समृद्धिका लागि कसरी सहयोगी भूमिका खेल्ने ?

नेपाली समाजमा एउटा भनाई छ, विवाह र मृत्यु मान्छेको हातमा छैन । कतिले चाहेर पनि विवाहको मेलोमेसो मिलाउन सक्दैनन् । कतिले अनायसै जोडी बाध्छन् । अतः विवाहअघि जसरी कल्पना गरिएको हुन्छ, त्यस अनुरूप जीवनसाथी मिल्छ भन्ने कुनै टुंगो हुँदैन । आफुले बनाएको मापदण्ड अनुसारको जीवनसाथी फेला पर्छ ? निश्चित छैन ।

यद्यपि जो कोहीले आफुसँग सम्पूर्ण जीवन विताउने साथीको परि कल्पना गरेका हुन्छन् । उनीहरूले कस्तो जीवनसाथी खोज्छन् त ?

### आफ्नो ख्याल राख्ने

विवाहपछि सबैकुरा ठीकठाक मिल्छ भन्ने हुन्न । कतिपय कुरामा आपसी मतभेद हुन्छ । झगडा हुन्छ । यस्ता वाधा–अवरोधहरूले नै दाम्पत्य सम्बन्धलाई अरू परिपक्क बनाउँदै लान्छ । अतः यस किसिमको उतार चढावमा पनि आफुलाई समान रूपमा प्रेम गर्ने । सुखदुःमा साथ दिने, भावना बुझ्ने जीवनसाथी होस् भन्ने अपेक्षा र ाखिन्छ । जुनसुकै प्रतिकुलतामा समेत आफुलाई ख्याल राख्ने जीवनसाथी खोज्ने गरिन्छ ।

### हंसमुख एवं ख्यालठट्टा गर्ने

धेरै गंभिर वा संवेदनशिल मान्छेसँग जीवन विताउन त्यती सहज हुँदैन । त्यसैले युवायुवतीहरू यस्तो जीवनसाथीको अपेक्षा गर्छन्, जो हँसमुख होस् । ख्यालठट्टा गर्ने स्वभावको होस् । घर परिवारको माहौललाई रमाइलो बनाइराख्ने स्वभावको होस् । यद्यपि परिवारप्रति गैरजिम्मेवार भने होइन ।

### सहयोगी

घर-परिवार चलाउनका लागि श्रीमान र श्रीमतीको उत्तिकै दायित्व हुन्छ । उनीहरूले आ–आफ्नै जिम्मेवार ी सम्हाल्नुपर्ने हुन्छ । श्रीमानको काम श्रीमतीले गर्नुपर्छ भन्ने होइन । श्रीमतीको काम श्रीमानले पुरा गरि दिनुपर्छ भन्ने पनि छैन । उनीहरूको काम फरक हुन्छ, यद्यपि त्यो घर–परिवारकै निम्ति हुन्छ । यस किसिमको काममा दुबैको साथसहयोग जरूरी हुन्छ ।

### सभ्य र समझदार

युवायुवतीहरू आफ्नो जीवनसाथी सभ्य र समझदार होस् भन्ने चाहन्छन् । मान्छे सबै कुरामा पोख्त हुँदैनन् । सबै कुरामा अब्बल हुँदैनन् । मान्छेको कमी कमजोरी हुन्छ । यस्ता कमी कमजोरीलाई स्वीकारेर हार्दिकतापूर्वक सम्बन्ध कायम राख्ने जीवनसाथी चाहन्छन् युवायुवतीहरू ।

### आर्थिक सुरक्षा

घर–परिवार भावनाले मात्र चल्दैन । भौतिक आवश्यक्ताहरू पुरा गर्नका लागि आर्थिक कुराले उत्तिकै महत्व राख्छ । त्यसैले दिगो आयस्रोत भएकाहरूमाथि उनीहरू बढी भर पर्छन् । यद्यपि आयस्रोतको माध्याम भएर मात्र पुग्दैन, त्यसको व्यवस्थापन अरू बढी महत्वपूर्ण हुन्छ ।

# यि लक्षण, जसले मुटु कमजोर भएको संकेत गर्छ

पछिल्लो तथ्यांकलाई हेर्दा मुटुसम्बन्धी समस्याबाट मृत्यु हुनेहरूको संख्या संसारभर बढ्दो मात्रामा छ । हृदयघात लगायत अन्य मुटुजन्य समस्याहरू पहिलेपहिले बढी उमेरका मान्छेमा धेरै हुने गर्दथ्यो । तर हिजोआज ३५ देखि ४० वर्ष उमेर समूहका मानिसहरूमा समेत हृदयघात र मुटुसम्बन्धी समस्या देख्ने गरिएको छ । यी सबै समस्याको कारण हाम्रो आहार, जीवनशैली र परिवारमा पहिले नै भएको मुटुसम्बन्धी जेनेटिक समस्या हो । खाना सम्बन्धी अनुशासन नहुनु र नराम्रो बानीका कारण मुटु कमजोर हुन्छ । जब मुटु कमजोर हुन्छ शरीरमा रक्त परिसञ्चरणको काम प्रभावित हुन्छ । जसको कारण धेरै समस्याहरू आउँछन् । मुटुको कमजोरी सम्बन्धी समस्याबाट बच्नु महत्वपूर्ण छ ।

### मुटु कमजोर हुनुको लक्षणहरू

मुटुको मांसपेशी कमजोर हुनुलाई मुटुको कमजोरी भनिन्छ । मुटुको मांसपेशी कमजोरीले धेरै रोगहरू, आहार र शरीरमा हुने जीवनशैलीका कारण हुन सक्छ । यस समस्याको कारणले तपाईं धेरै गम्भीर परिस्थितिहरूको सामना गर्नुपर्ने हुन सक्छ । कमजोर मुटु वा कमजोर मुटुको मांसपेशीले तपाईंलाई गम्भीर मुटु रोगको जोखिममा राख्छ । मुटु कमजोर बन्ने मुख्य लक्षणहरू निम्नानुसार छन् ।

### लगातार बान्ता र छातीमा हुने जलन

मुटु कमजोर हुँदा शरीरमा धेरै लक्षणहरू देखा पर्छन् । जब मुटु कमजोर हुन्छ, त्यस्तो व्यक्ति निरन्तर वान्ता भइर हने समस्याबाट ग्रस्त हुन्थ्यो । योसँगै, छातीमा लगातार जलन हुनु पनि मुटुको कमजोरीको एक संकेत हो । यदि तपाईं लामो समयका लागि यी समस्याहरू भोग्दै आउनु भएको छ भने चिकित्सकलाई देखाइहाल्नु उचित हुन्छ ।

### उच्च रक्तचाप

मुटु कमजोर हुँदा रक्तचाप पनि अनियन्त्रित हुन्छ । यदि मुटु कमजोर छ भने मान्छेमा उच्च रक्तचापको समस्या हुन सक्छ । उच्च रक्तचापको समस्याको कारणले त्यहाँ हृदयघात जस्तै समस्याहरूको जोखिम छ । आजको समयमा, रक्तचाप मापन गर्न मेशिन सजिलै उपलब्ध हुन्छ । तपाईं डिजिटल मेसिनसँग तपाईंको रक्तचापको जाँच गर्न सक्नुहुन्छ ।

### काँध र छाती दुख्ने

कमजोर मुटु हुँदा मान्छेको छातीमा सबैभन्दा धेरै दुखाइ हुने गर्छ । यस्तो दुखाइ विशेषगरी बायाँ छातीमा हुन्छ । यो दुखाइ मुटुको मांसपेशीमा एक समस्याको कारण बनेको छ । मुटुको कमजोरीका कारण कहिले छाती दुख्ने त कहिले अनियमित रगत प्रवाहको समस्या देखिन्छ । सामान्यतया काँधको दुखाइको सम्बन्ध मुटुसँग छैन । तर काँधमा हुने लगातारको दुखाइ कमजोर मुटुको एक संकेत हुन सक्छ ।

### निद्रा समस्याहरू

निद्रामा हुने समस्या, सास फेर्न गाह्रो हुने जस्ता कारणले रिंगटा लाग्न सक्छ । यो समस्या सिधै मुटुको स्वास्थ्यसँग सम्बन्धित छ । तपाईंलाई मुटुको कमजोरीले पनि रिंगटा लाग्न सक्छ । कतिपय अवस्थामा सुतिरहेको बेलामा सास फेर्न गाह्रो हुन्छ, मुटुको समस्याको यो एउटा संकेत हो ।

तसर्थ, तपाईं निश्चित रूपमा तपाईंको मुटुको स्वास्थ्यको जाँच गर्नुपर्छ ।

# दूधमा बदाम मिसाएर खाँदा मिल्छ यी स्वास्थ्य लाभ

बदाम आफैँमा पौष्टिक तत्वले धनी खानेकुरा हो । अर्कोतर्फ, यदि दूधमा मिसाएर यो खाइन्छ भने झनै पोषणको हिसाबले यो महत्वपूर्ण बन्छ ।

यदि हामीले दूधलाई बदाममा मिसाएर खाने हो भने यसमा फाइबर, क्याल्सियम, फलाम, म्याग्नेशियम, फास्फोरस, पोटेशियम, सोडियम, भिटामिन ए, भिटामिन ई, भिटामिन डी जस्ता पोषक तत्वहरू पाइन्छ । बदामले शरीरमा पुर्‍याउने फाइदाको बारेमा तल उल्लेख गरिएको छ ।

### हड्डी बलियो बनाउन

बदामलाई दूधमा मिसाएर सेवन गर्नाले हड्डी बलियो बनाउन सकिन्छ । भिटामिन डी र क्याल्सियम बदाममा बढी पाइने पौष्टिक आहार हो । यस्तो स्थितिमा यसको उपभोग न केवल हड्डी बलियो बनाउन मात्रै गरिन्छ यो समग्र शरीरको विकासको लागि पनि यो प्रभावकारी हुन्छ ।

### आँखाको स्वास्थ्यको लागि

बदामलाई दूधमा मिसाएर खानु आँखाको स्वास्थ्यको लागि पनि लाभदायक मानिन्छ । दूध र बदाममा भिटामिन ए र ईको मात्रा बढी हुन्छ । जसले मोतियाबिन्दु जस्ता समस्या हटाउन प्रभावकारी देखिन्छ । तर यो दृष्टि बढाउन र आँखाका अरू समस्या कम गर्न पनि यो प्रभावकारी छ ।

### तौल घटाउन उपयोगी

बदाम र दूध वजन कम गर्न पनि प्रभावकारी हुन्छ । अक्सर मानिसहरूलाई थाहा हुँदैन कि बदाम र दूधले तौल पनि घट्छ । यी दुई खानेकुरामा क्यालोरीको मात्रा पर्याप्त हुन्छ । यसको उपभोगका कारण व्यक्तिहरूले धेरै पोषण प्राप्त गर्न सक्छन् र वजन पनि चाँडै कम गर्न सकिन्छ ।

### पाचन प्रणालीमा सुधार

पाचन प्रणालीलाई बलियो बनाउन पनि बदाम र दूध उपयोगी हुने गर्छ । बदाम र दूधमा हुने फाइबरले पाचन प्रणालीलाई मात्र सुधार गर्दैन यसले कब्जियत, पेटमा हुने जलन, पेट दुख्ने जस्ता पाचन प्रणालीसँग सम्बन्धित धेरै समस्याहरू पनि यसका लागि उपयोगी छ ।

### अनिद्राको समस्या हटाउनुहोस्

बदाम र दूध अनिद्राको समस्या हटाउन पनि प्रभावकारी हुन्छ । यी दुईको मिश्रण अनिद्राको समस्या हटाउन पनि उपयोगी हुन्छ ।

### प्रतिरक्षा प्रणाली बढाउनुहोस्

बदाम र दूधको मिश्रण मान्छेको प्रतिरक्षा प्रणाली बढाउन पनि प्रभावकारी हुन्छ । यसमा हुने एन्टी–अक्सिडेन्ट, एन्टी–इन्फ्लेमेटरी गुणहरू पाइन्छ । साथै, यसभित्र पाइने भिटामिन डी र भिटामिन ई पनि प्रतिरक्षा बढाउन उपयोगी हुन्छन् ।

### छाला र कपालको लागि उपयोगी

बदाम र दूधभित्र हुने फलामको मात्राले कपाल चम्किलो, बलियो, आकर्षक बनाउँछ । त्यस्तै, बदाम र दूध पनि कपालका लागि आवश्यक प्रोटिन ढुवानीको काम गर्ने गर्छ । यसबाहेक भिटामिन डी र भिटामिन ई बदाम र दूधभित्र पाइन्छ । जसले छालाको समस्यालाई हटाउन भूमिका खेल्छ । यदि तपाईं छाला र कपाल स्वस्थ बनाउन चाहनुहुन्छ भने खानामा नियमित दूध र बदामको मिश्रण जोड्नुहोस् ।

## थाहा नगरका जनप्रतिनिधिको सम्पर्क नम्बर

| | | |
|---|---|---|
| थाहा प्रमुख | लवशेर विष्ट | ९८५५०६७६९२ |
| थाहा उपप्रमुख | खड्ग बहादुर गोपाली | ९८५५०६७०४५ |
| १ नं. वडाध्यक्ष | हेरमान गोपाली | ९८५५०८९३०१ |
| २ नं. वडाध्यक्ष | गुप्तबहादुर कार्की | ९८५५०८९३०२ |
| ३ नं. वडाध्यक्ष | राजेश के.सी. | ९८५५०८९३०३ |
| ४ नं. वडाध्यक्ष | दिपक सिं लामा | ९८५५०८९३०४ |
| ५ नं. वडाध्यक्ष | विष्णुबहादुर गुरुङ | ९८५५०८९३०५ |
| ६ नं. वडाध्यक्ष | शशीधर सुवेदी | ९८५५०८९३०६ |
| ७ नं. वडाध्यक्ष | सनमसिं मुक्तान | ९८५५०८९३०७ |
| ८ नं. वडाध्यक्ष | टिकाराम रुम्बा | ९८५५०८९३०८ |
| ९ नं. वडाध्यक्ष | परशुराम श्रेष्ठ | ९८५५०८९३०९ |
| १० नं. वडाध्यक्ष | हिराबहादुर गमाल | ९८५५०८९३१० |
| ११ नं. वडाध्यक्ष | किरणमान बल | ९८५५०८९३११ |
| १२ नं. वडाध्यक्ष | मानबहादुर स्याङ्तान | ९८५५०८९३१२ |

# हेटौंडामा 'मोबाइल एप'बाटै कर तिर्ने व्यवस्था



◆ विकास संवाददाता

हेटौंडा उपमहानगरपालिकाले आफ्ना नागरिकलाई कुनैपनि क्षेत्रको राजश्व रकम तिर्नका लागि थप सहजता बनाएको छ । अब आम नागरिकले वडा कार्यालय वा उपमहानगरपालिका कार्यालयमा गएर रकम तिर्नु भन्दा पनि घरमै बसेर तिर्न सक्नेगरी व्यवस्था गरिएको छ । अब केही समयमा यसको कार्यान्वयन हुने छ ।

उपमहानगरपालिकाको राजश्व संकलनलाई समय सापेक्ष प्रविधिमैत्री बनाउन मोबाईल एप्स प्रयोग गरी घर बाटनै कर तिर्ने व्यबस्थाको लागि आवश्यक सफ्टवेयर जडान गरिएको र सेवा संचालनको अबस्थामा पुगेको उपमहानगरपालिकाका मेयर हरि बहादुर महतले बताए । यसको सबै काम सकिएपनि जनशक्ती अभावका कारण सुरु गर्नका लागि ढिलाइ भएपनि अब चाडै सुरु गरिने उनले बताए ।

यसको कार्यान्वयन हुने वित्तिकै आम नागरिकलाई कर तिर्नका लागि लाइनमा बस्नुपर्ने, पालो पर्खनुपर्ने लगायतका बाध्यताहरू हुँदैनन् । सुशासन र सेवा प्रवाहमा सहजता ल्याउन वितेको आर्थिक वर्षमा उपमहानगरपालिका कार्यालय र वडा कार्यालयहरू विच ६५ किलोमिटर अप्टिकल फाईबर सहित वडा नेटवर्किङ्ग कार्यक्रम सम्पन्न भई संचालन भईसकेको मेयर महतले बताए ।

यसैगरी उपमहानगरपालिकाका कर्मचारी र सामुदायिक बिद्यालयका शिक्षक तथा कर्मचारीहरूको बैयक्तिक बिबरण राख्ने एवम् बिद्यालयको चौमासिक तथा मासिक तलब निकासाको लागि सफ्टवेयर तयार भई कार्यान्वयनको चरणमा रहेको उपमहानगरपालिकाका सूचना अधिकारी भानुभक्त थपलीयाले बताए । यस्तै अपाङ्गता भएका ब्यक्तिहरूको रंगिन परिचय पत्र साथै सामाजिक सुरक्षा लाभग्राहीहरूको रंगिन परिचय पत्र प्रिन्ट गर्ने सफ्टवेयर तयार भई कार्यान्वयन भइसकेको छ ।

उपमहानगरपालिका भित्र रहेका सबै सामुदायिक बिद्यालयहरूको बिभिन्न गतिविधि र बिबरण समेटिने एकिकृत सूचना प्रणाली सहितको बिद्यालयहरूको वेभसाईट निर्माण हुने क्रममा रहेको छ । न्यायिक समितिमा दर्ता हुन आएका बिबाद, गतिबिधि तथा निर्णयहरू डिजिटाईज गर्न संचालन गर्न सफ्टवेयर निर्माण भई कार्यान्वयनको चरणमा रहेको छ ।

१९ वटै वडा कार्यालयहरूमा अनलाइन व्यक्तिगत घटना दर्ता तथा सामाजिक सुरक्षा भत्ता सम्बन्धि कार्य सूचना प्रविधिको प्रयोगबाट सञ्चालन भई रहेको छासाथै सामाजिक सुरक्षा भत्ता बैङ्किक प्रणालीबाट वितरण भई रहेको छ ।

# भिमफेदीमा पक्की पसल निर्माण तिव्र



◆ विकास संवाददाता

मकवानपुरको भीमफेदी गाउँपालिका वडा नम्बर-७ र ८ कोगटे खोलामा दुइवटा पक्कीपुल निर्माणको काम भइरहेको छ । भीमपेदी-इपा-सिस्नेरी जोड्ने कोगटे खोलामा बन्दै गरेको २ वटा पक्की पुल र इपाको पन्चकन्या माध्यमिक विद्यालय १२ कोठे भवन निर्माणको अन्तिम चरणमा पुगेको छ ।

यस क्षेत्रमा विकास निर्माणका कामले गति पाएका छन् । पहिले सडक र विजुली समेत नपुगेको यस गाउँमा पूर्वाधार विकासले प्राथमिकता पाएको भीमफेदी गाउँपालिकाका अध्यक्ष हिदम लामाले बताए । भीमफेदीबाट सिस्नेरी, इपा, कोगटे जानका लागि सहज भएको छ । काठमाण्डौ र हेटौंडाबाट कोगटे जानका लागि पनि थप सहज भएको छ । कोगटे खोलाको तल र माथी गरी दुइवटा पुल धमाधम निर्माण भइरहेको उनले बताए । यसअघि यहाँ पुल नहुँदा वर्षौदेखि समस्या बेहोर्दै आएका आम नागरिकलाई वर्षायाममा पनि यसै सडक भएर ओहोर दोहोर गर्नका लागि सहज भएको अध्यक्ष लामाले बताए ।

जनप्रतिनिधि आइसकेपछी इपामा हरेक पूर्वाधारका कामले प्राथमिकता पाएका छन् । पहिले यस क्षेत्रमा विजुली समेत थिएन । अहिले भने विजुली पनि पुगेको छ । इपापन्चकन्या माविको भवन निर्माण भएको छ । यस क्षेत्रमा सडक, पुल, बिद्यालय, विजुली सबै क्षेत्रलाई प्राथमिकता पाएका छन् ।

# वडा कार्यालय उद्‌घाटन



◆ विकास संवाददाता

हेटौंडा उपमहानगरपालिका वडा नम्बर-१३ को वडा समिति कार्यालय भवनको आज उद्‌टन् गरिएको छ । डेढ करोड रूपैयाँ लागतमा निर्माण भएको वडा कार्यालय भवनको उपमहानगर पालिकाका मेयर हरि बहादुर महतले उद्‌घाटन् गरे ।

भवनको उद्‌घाटन् गर्दै उनले जनताका लागि हरेक वडामा विकास निर्माणका कामसंगै सेवा दिने कार्यालय पनि निर्माण गर्दै गएको बताए । हरेक वडामा सुविधा सम्पन्न वडा कार्यालय भवन निर्माण गर्ने लक्षका साथ काम भइरेको र केही निर्माण भइसकेको बताए । हेटौंडामा पहिलेका ११ वटा वडा भन्दा पनि पछी थपीएका वडाहरूमा विकास निर्माणका कामले तिब्रता पाएको बताए ।

नौ वटा कोठा र एउटा हलसहितको सुविधा सम्पन्न वडा कार्यालय भवन निर्माण गरिएको हो । हेटौंडा-१३ का वडा अध्यक्ष मनोज वाइवाको अध्यक्षतामा भएको कार्यक्रममा उपमेयर मिना कुमारी लामाको आतिथ्यता रहेको थियो ।

# *दीगो विकास सम्बन्धी अभिमुखिकरण कार्यक्रम*

◆ विकास संवाददाता

दिगो विकासको लक्ष्यमा शिक्षा विषयक छलफल तथा अभिमुखिकरण कार्यक्रम हेटौंडामा १७ भाद्रमा सम्पन्न भएको छ । 'गुणस्तरीय, नि:शुल्क, सार्वजनिक शिक्षा सम्भव छ' भन्ने नाराका साथ शिक्षाका लागि राष्ट्रिय अभियान नेपाल, जिल्ला सञ्जाल मकवानपुरले कार्यक्रम आयोजना गरेको हो ।



कार्यक्रममा सहश्राब्दी विकास लक्ष्य (२०००-२०१५), एजेण्डा, प्राथमिक महत्वका क्षेत्रहरू, दिगो विकास लक्ष्य (२०१६-२०३०), प्रकार, महत्व, परिमाणात्मक लक्ष्यहरू, नेपालमा कार्यान्वयन प्रक्रिया, संस्थागत संरचना, कार्यान्वयनका सवाल र चुनौतीहरू तथा लक्ष्य ४ (सबैका लागि समावेशी तथा समतामूलक गुणस्तरीय शिक्षा सुनिश्चित गर्ने र जीवनपर्यन्त सिकाइका अवसरहरू प्रवर्द्धन गर्ने), नेपालको विशेष परिमाणात्मक लक्ष्यहरू, समय र जीवन व्यवस्थापन, कोभिड १९ ले पारेको प्रभाव, नागरिक संघ संस्थाको भुमिका, बाल बिकास, अवसर, चुनौती र समाधान लगायतको विषयमा प्रस्तुतिकरण गरिएको थियो ।

कार्यक्रममा शिक्षाका लागि राष्ट्रिय अभियान नेपालका बागमती प्रदेश संयोजक प्रकाश खतिवडा र बालअधिकारकर्मी कैलाश घितालले सहजिकरण गरेका थिए । शिक्षाका लागि राष्ट्रिय अभियानमा आबद्ध शिक्षाको विकास र प्रबर्द्धनमा क्रियाशील गैरसरकारी संस्थाकर्मीहरूको क्षमता विकास गर्ने उदेश्यले कार्यक्रम आयोजना गरिएको शिक्षाका लागि राष्ट्रिय अभियानका मकवानपुर संयोजक बुद्ध लामाले बताए ।

दिगो विकास लक्ष्यका सवालमा सरकार ले राम्रो योजना र समिति बनाएपनि कार्यान्वयनमा कमजोरी रहेको भन्दै कार्यक्रमका सहभागीहरूले गरिब, विपन्न र पछाडी पारिएका समुदायको उत्थानको लागि प्रभावकारी कार्यान्वयन गर्नुपर्ने बताए ।

अब हाम्रै थाहानगरको ओखरबजारमै
छपाईको शुभारम्भ
फ्लेक्स प्रिन्ट
काठमाण्डौं, हेटौंडा धाउनै पर्दैन...
अत्याधुनिक नयाँ मेसीनद्वारा १ घण्टा भित्र बोर्ड,ब्यानर तयार
AARAV creation
DESIGN FLEX PRINT PHOTOGRAPHY
Thaha-1, Okharbazar, 9855068340/9802068340
हाम्रा अन्य सेवाहरू
फ्लेक्स प्रिन्ट (ब्यानर/साइनबोर्ड)
होर्डिङ बोर्ड/स्टिकर प्रिन्ट/
फ्लेक्स फोटो/मायाको चिनो तयारी
प्रमाण-पत्र/कदर-पत्र/प्रशंसा पत्र तयारी
कार्यक्रमको ब्याच तयारी
विभिन्न डिजाइनका फ्रेमिङ
फोटो स्टुडियो/पि.भि.सी. कार्ड
9855068340/9802068340



# थाहामा जसपाको वडा कमिटि

◆ विकास संवाददाता

जनता समाजवादी पार्टीले थाहा नगरपालिकाको वडा नम्बर १ मा वडा कमिटी गठन गरेको छ । सो पार्टीले नगरमा पहिलोपटक वडा कमिटी गठन गरेको हो ।

सुमन गोपालीको अध्यक्षतामा गठन गरिएको वडा कमिटीमा २१ जना रहेका छन् । वडा नम्बर १ मा आयोजित समाजवादीको कार्यकर्ता भेलाले वडा कमिटी गठन गरेको हो ।

भेलामा जनता समाजवादी पार्टीका बागमती प्रदेश सदस्य ज्योति रायमाझी, इन्द्रबहादुर श्रेष्ठ, थाहा नगर संयोजक सुजन रायमाझी लगायतको उपस्थिति रहेको थियो ।

# थाहानगरका दुई अध्यक्षसहित पाँच जनप्रतिनीधि समाजवादीमा प्रवेश

◆ विकास संवाददाता

थाहा नगरपालिकामा सूर्य चिन्हबाट बिजयी भएका २ वडा अध्यक्षसहित ५ जना जनप्रतिनिधिले पार्टी परित्याग गरेका छन् ।

एमाले पार्टी समर्थक मतदाताहरूको मतले विजयी भएका थाहा नगरपालिका वडा नम्बर ११ का वडाध्यक्ष किरणमान बल र वडा नम्बर ५ का वडाध्यक्ष बिष्णुबहादुर गुरूङले पार्टी परित्याग गरेका हुन् ।

१२ वडा रहेको थाहा नगरपालिकामा स्थानीय तह निर्वाचनमा ६ वटा वडा एमालेले जितेको थियो । नगरपालिकामा एमालेका कूल २६ जनप्रतिनिधि थिए । त्यसमध्ये दुई वडाध्यक्षसहित दुबै वडाका १/१ जना दलित महिला सदस्य र वडा नम्बर ११ का एक वडा सदस्यले पनि एमाले छाडेका छन् ।

एमाले परित्याग गरेपछि उनीहरू माधव नेपाल नेतृत्वको नवगठित पार्टी नेकपा एकीकृत समाजवादीमा लागेका छन् । चारै जनाले १७ भदौमा र ११ नम्बर वडाका एक सदस्यले २१ भाद्रमा जिल्ला निर्वाचन कार्यालय हेटौंडामा गएर नेकपा एकीकृत समाजवादीमा सनाखत गरेका छन् ।

गत ५ पुसमा तत्कालीन प्रधानमन्त्री केपी ओलीले संसद विघटन गरी नयाँ निर्वाचनको मिति घोषणा गरेपछि वडा नम्बर ११ का वडाध्यक्ष बल तत्कालीन एमालेका वरिष्ठ नेता माधवकुमार नेपालतिर लागेका थिए । तर, एमाले परित्याग गर्ने थाहानगरका अन्य तीन जनप्रतिनिधि भने नेकपा एमालेको बैठकहरूमा भाग लिँदै आएका थिए । एकीकृत समाजवादीमा सनाखत गरेका वडा नम्बर ५ का वडाध्यक्ष गुरूङ अन्तिम समयसम्म पनि एमालेकै कार्यक्रममा सहभागी हुँदै आएका थिए ।



विष्णु बहादुर गुरूङ



किरणमान बल

एमाले थाहा नगर कमिटीले १४ भदौमा आयोजना गरेको पूर्ण बैठकमा पनि उनी सहभागी भएका थिए । एमालेले हेटौंडामा आयोजना गरेको जनप्रतिनिधि भेलादेखि एमालेका सबै गतिविधिहरूमा सहभागी गुरूङ पछिल्लोपटक बागमती प्रदेशका तत्कालीन मुख्यमन्त्री डोरमणी पौडेलसहित प्रदेश मन्त्रीहरूसँग नगर अध्यक्ष अच्युत्तमप्रसाद ढकालसँगै भेटघाटमा सहभागी भएका थिए ।

एमाले थाहा नगर कमिटीका अध्यक्ष ढकालका अनुसार ५ पुस यताका कार्यक्रममा वडाध्यक्ष गुरूङ र दुई जना दलित महिला कोटाबाट निर्वाचित जनप्रतिनिधिहरू सहभागी भइरहेका थिए । ११ नम्बर वडा अध्यक्ष बल भने यो अवधिमा एमालेको कुनै गतिविधिमा संलग्न भएका थिएनन् ।

थाहा-११ का वडाध्यक्ष बलबाहेक अन्य चार जना प्रतिनिधि'विभिन्न आश्वासन' पछि एकीकृत समाजवादीतिर लागेका हुन् । समाजवादीतिर लागेका दुई दलित महिलासहित एक वडा सदस्यहरूले एमाले र सूर्य चिन्हप्रति विश्वास कायम रहेको बताएका छन् ।

# अनेम संघ क्रान्तिकारी थाहा ७ को अध्यक्षमा मोक्तान

◆ विकास संवाददाता

नेकपा माओवादी केन्द्र निकट अखिल नेपाल महिला संघ क्रान्तिकारी थाहा नगरपालिका वडा नम्बर ७ मा चित्र कुमारी मोक्तानको अध्यक्षतामा २९ सदस्यीय वडा कमिटि गठन भएको छ । अखिल नेपाल महिला संघ क्रान्तिकारी मकवानपुर जिल्ला कमिटी सदस्य तथा थाहा नगर इन्चार्ज शकुन्तला गोपालीको प्रमुख आतिथ्यतामा थाहा ७ को देउखेलमा सम्पन्न भेलाले उपाध्यक्षमा सुन्तली माया गुरूङ, सचिबमा सबिना तामाङ, कोषाध्यक्षमा मिना कुमारी स्याङ्तान, सहसचिबमा उर्मिला थिङ चयन भएका छन् ।

त्यस्तै सदस्यहरूमा कुमारी मोक्तान, जानकी गुरूङ, रिता ठकुरी, मेनुका कार्की, पबित्रा परियार, बिमला थिङ, सुशिला गोले थिङ लगायत चयन भएकाछन् ।

भेलामा नेकपा माओबादी केन्द्र थाहा नगर कमिटि सचिवालय सदस्य तथा वाईसीएल बागमती प्रदेश सदस्य दिपेन्द्र कुमार थिङ, ७ नम्बर वडा अध्यक्ष रामबहादुर स्याङ्तान, वाईसीएल मकवानपुर जिल्ला कमिटि सदस्य गुमान सिं मुक्तान (अरूण) लगायतको आतिथ्यता रहेको थियो ।

माओवादी केन्द्र थाहा ७ नम्बर वडा कमिटि सदस्य सुन्तली माया गुरूङको अध्यक्षता र माओवादी केन्द्र ७ नम्बर वडा कमिटि सचिव मोहन सम्सेर थिङले संचालन भएको भेलामा हरिमाया बि.क. ले स्वागत मन्तव्य व्यक्त गर्नुभएको थियो ।

उपभोग्य वस्तु खरिद गर्दा उपभोग्य मिति हेरेर मात्र खरिद गरौं ।

# शहीद सुनिता परिवर्तनको प्रेरणा: नगर प्रमुख विष्ट

◆ विकास संवाददाता

थाहा नगरपालिकाका प्रमूख लवशेर विष्टले शहीद सुनिता गोपाली परिवर्तनको प्रेरणा भएको बताएकाछन् । थाहा नगरपालिकाको कुन्छालमा शहीद सुनिता स्मृति प्रतिष्ठानद्धारा आयोजना गरिएको १९ औं सुनिता स्मृति सभामा बोल्दै प्रमुख विष्टले शहीदहरूको सम्झनामा कार्यक्रम मात्रै हैन सहिद हरूले देखाएको बाटोमा सबैजना जिम्मेवार भएर लाग्न आह्वान पनि गरेका छन् ।

विष्टले तत्कालिन समयमा संघर्षको क्रममा सहादत प्राप्त गरेकी सुनिता गोपालीले देशको लागि जीवन अर्पण गरी देखाएको बाटोमा सकारात्मक भई सबै सपना साकार पार्न लाग्नु पर्नेमा विष्टले जोड दिए ।

शहीद सुनिता स्मृति प्रतिष्ठानका अध्यक्ष सुवर्ण गोपालीको सभाध्यक्षता भएको कार्यक्रममा नेकपा माओवादी केन्द्र बागमति प्रदेश कमिटि सचिवालय सदस्य विष्णु विष्ट आदर्शले सहिद सुनिताको योगदानको चर्चा गर्दै प्रतिष्ठानले आगामी दिनमा समाजिक विकासका सकारात्मक आयामहरू ल्याउनु पर्नेमा जोड दिए ।



कार्यक्रममा नेकपा माओवादी केन्द्र थाहा नगर ईन्चार्ज लक्ष्मण विष्ट, कमिटि अध्यक्ष अरूण रायमाझी, कुन्छाल होम स्टे व्यवस्थापन समितिका अध्यक्ष सानुकाजी गोपाली, सुनौला सामुदायिक सिकाई केन्द्रका अध्यक्ष रूपचन्द्र गोपाली, राजनैतिक दलका प्रतिनिधिहरू, निष्पक्ष युवा समूह अध्यक्ष सुमन गोपाली, कुन्छालफाँट टोल विकास संस्थाका अध्यक्ष निराजन गोपाली, लाली गुरांस महिला बहुउद्धेश्यीय सहकारी, कुन्छाल बचत तथा ऋण सहकारी संस्था लिं का पदाधिकारी, १ नं. वडा अध्यक्ष हेरमान गोपाली, सदस्य देवकी थोकर, नेकपा माओवादि केन्द्र थाहा नगर कमिटि सचिवालय सदस्य विष्णु गोपालीलगायतको उपस्थिति रहेको थियो । कार्यक्रममा सहिद सुनिता गोपालीको आमा मैजु माया गोपालीलाई अभिनन्दन पत्रद्धारा सम्मान गरिएको छ ।


## थाहा नगरपालिका
इन्द्रायणी चौर, मकवानपुर

सूचना ! सूचना !! सूचना !!!

सूचना प्रकाशित मिति : २०७८/०५/१६

यस थाहा नगरपालिका कृषि विकास शाखा इन्द्रायणी चौर मकवानपुरको आर्थिक वर्ष २०७८/०७९ को वार्षिक स्वीकृत कार्यक्रम अनुसार फलफुल दशक अन्तर्गत स्थानीय तहमा ओखर विरुवा रोपन कार्यक्रममा टर्की ओखर कलमी विरुवा ५० प्रतिशत अनुदानमा वितरण गर्नुपर्ने भएकोले तपसिलका लक्षितवर्गहरुले आवश्यक कागजातसहित रीतपूर्वक यो सूचना प्रकाशित मितिले ३५ दिनभित्र *(मिति२०७८/०६/१९ गतेसम्म)* कृषि विकास शाखामा निवेदन पेश गर्नका लागि यो सूचना प्रकाशित तरिएको छ ।

लक्षितवर्ग/समूह:
१. भूमिहीन कृषक/करार खेती
२. व्यवसायिक कृषक
३. विदेशबाट फर्केका युवाहरु
४. प्रधानमन्त्री रोजगार कार्यक्रममा सूचीकृत भएका युवाहरु
५. निजी कृषि फर्म
६. कृषक समूह/कृषि सहकारी
७. स्थानीय युवाक्लबहरु
८. स्थानीय उपभोक्ता समिति
९. कम्पनी तथा अन्य संघसंस्थाहरु
१०. संघ, प्रदेश तथा स्थानीय तहबाट संचालन भएका अन्य कार्यक्रममा सूचीकृत कृषक ।

आवश्यक कागजातहरु:
१. निवेदन-१ प्रति
२. कृषक समूह/कृषि सहकारी प्रमाणपत्रको प्रतिलिपी-१ प्रति
३. कृषक समूह/कृषि सहकारीको बैठक निर्णय प्रतिलिपी-१ प्रति
४. पान दर्ताको प्रमाणपत्रको प्रतिलिपी-१ थान
५. कर चुक्ताको प्रमाणपत्रको प्रतिलिपी-१ थान
६. भूमिहीन कृषक/करार खेती जमिनको ५० वर्षको करार सम्झौता पत्र-१ प्रति

थप जानकारीका लागि सम्पर्क:
९८४५१०३३४१ र ९८४५०७२२००

नोट: म्याद नाघि आएका र रीत नपुगेका निवेदनलाई कार्यक्रममा समावेश गरिने छैन ।

- कृषि विकास शाखा

# कन्सुलर सेवा छिटोछरितो तुल्याउन स्थानीय तहसँग सहकार्य गरिने

◆ विकास संवाददाता

परराष्ट्र मन्त्रालयअन्तर्गत कन्सुलर सेवा विभागले अध्ययन र श्रमलगायत विभिन्न पेसा तथा व्यवसाय गरी विदेशमा रहेका नेपाली नागरिकका लागि आवश्यक कागजात विश्वसनीय, सरल र छिटोछरितो तुल्याउन स्थानीय तहसँग सहकार्य गर्ने जनाएको छ ।

सेवा प्रवाहलाई बढी प्रभावकारी तुल्याउन विभागले स्थानीय तहसँग सहकार्य गर्ने जनाएको हो । काठमाडौँ जिल्लाका महानगरपालिका तथा नगरपालिकाका प्रमुख, उपप्रमुख एवं कार्यकारी निर्देशकका लागि विभागले आज यहाँ आयोजना गरेको 'अभिमुखीकरण कार्यक्रम'मा विदेशमा रहेका नेपालीलाई परेको समस्या समाधान गर्न कागजपत्र जुटाउन सहजताका लागि हरेक स्थानीयवासीलाई अनलाइन प्रणालीमा जोड्ने तयारी भइरहेको जानकारी दिइयो ।

सो अवसरमा परराष्ट्र मन्त्रालयका सचिव भरतराज पौड्यालले विभिन्न प्रयोजनमा विदेश जाने क्रम बढेसँगै कागजातका कारण विभिन्न समस्या बढ्दै गएको अवस्थामा स्थानीय तहबाट नै कागजातहरूको प्रमाणीकरणको सुनिश्चित गर्न सकिएमा सर्वसाधारणलाई ठूलो राहत पुग्ने बताए । उनले विदेशमा रहेका नेपाली नागरिकसँग जोडिएका घटना र समस्याको छिटोछरितो तथा सरल रूपमा सम्बोधन गर्नका लागि नै विभागले स्थानीय सरकारसँगको सहकार्यलाई अगाडि बढाएको स्पष्ट गरे । विभागका महानिर्देशक धनबहादुर वलीले सङ्घीयताको मर्म एवं भावनानुरूप जनतासँग प्रत्यक्ष रूपमा जोडिएका र विदेशमा जाने नेपालीलाई विभिन्न प्रयोजनका लागि प्रमाणित गर्नुपर्ने आवश्यक कागजातको अनलाइनको माध्यमबाट प्रमाणीकरणमा जोड दिइएको बताए । कोरोना र बजेटलगायत कारण एकैसाथ ७५३ स्थानीय तहमा पुग्न कठिन भएकाले सबैभन्दा धेरै विदेश जाने जिल्ला र स्थानीय तह पहिचान गरिएका पालिकासँग सहकार्य गर्ने र आगामी दुई वर्षभित्र सबै तहमा पुग्ने लक्ष्य लिइएको जानकारी दिए ।

राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण विभागका महानिर्देशक जीतेन्द्र बस्नेतले डिजिटल नेपाल फ्रेमवर्कभित्र रहेर व्यक्तिगत घटनाका कागजातहरू अनलाइन विधिमार्फत दर्तादेखि प्रामाणीकरणका कार्यहरू सम्पादन गर्न सकिएमा सेवाग्राहीहरूलाई छिटोछरितो सेवा प्रवाह गर्न र झट्टा विवरण पेस गर्ने प्रवृत्तिलाई अन्त्य गर्न सकिने बताए । उनले व्यक्तिगत घटनादेखि नागरिकका अत्यावश्यक कागजातलाई व्यवस्थित गर्न राष्ट्रिय परिचयपत्रलगायत अन्य प्रमाणपत्र अनलाइन प्रविधिबाटै प्रदान गर्न सकिने भएकाले स्थानीय तहहरूको क्षमता अभिवृद्धि र सूचना प्रवाहलाई विस्तार गर्नुपर्नेमा जोड दिए ।

काठमाडौँ महानगरपालिकाका प्रमुख विद्यासुन्दर शाक्यले काठमाडौँ उपत्यकामा देशका विभिन्न जिल्लाबाट बसाइँ सरेर आउनेको संख्या धेरै रहेकाले उनीहरूका मागअनुसार कतिपय कागजात तयार र प्रमाणीकरण गर्न कानूनी र व्यावहारिक कठिनाइ भएको बताए । कन्सुलर सेवा विभागका निर्देशक प्रकाश अधिकारीले अध्ययन र श्रमलगायत विभिन्न पेसा तथा व्यवसायका क्रममा विदेशमा गई अलपत्र परेका, उपचार गर्न आवश्यक भएका, शव ल्याउनुपर्ने अवस्थाका, क्षतिपूर्ति, मुद्दा लड्ने काम र खोजतलासलगायत कन्सुलरसम्बन्धी सम्पूर्ण काम ठीक ढङ्गले अघि बढाउन स्थानीय तहसँग सहकार्य गर्नु जरूरी भएको उल्लेख गर्दै यसका लागि यस किसिमको अभिमुखीकरण कार्यक्रम सञ्चालन गरिएको र यसलाई देशका अन्य स्थानीय तहमा पनि सञ्चालन गरिने बताए ।

विदेशमा स्थानीय कानुनअनुसार आवश्यक कागजात तयार गरी प्रस्तुत गर्नुपर्ने भएकाले तयार गर्ने क्रममा कमजोरी र त्रुटि नहोस् भन्नका लागि सम्पर्क/सञ्चार स्थापित गरी सहकार्यको खाँचोमा कार्यक्रमका सहभागीहरूले जोड दिए । स्थानीय सरकारले विवाह, जन्मदर्ता, नाता प्रमाणितलगायत सबै कागजात जारी गर्ने र कन्सुलर विभागका कुनै पनि शाखा, एकाइ स्थानीय तहमा नहुँदा केन्द्रमा नै धाउनुपर्ने र अनेक झन्झट व्यहोर्नुपर्ने अवस्था रहेको छ ।

स्थानीय तहसँगको सहकार्यमा विदेशमा लाखौँको संख्यामा अध्ययन, रोजगारीलगायत विभिन्न पेसा व्यवसायमा रहेकालाई कुनै समस्या परेका खण्डमा रहे बसेकै ठाउँबाट निवेदन दिन सकिने सुविधासहित विभागले कार्यारम्भ गरि सकेको छ । विदेशमा परिवारलाई झिकाउन परेमा, अलपत्र परेमा, घाइते भएमा, अरू कुनै समस्या परेमा उद्धार गर्न, खोजतलास, उपचार र हकहित रक्षाका लागि मात्र होइन, विदेशमा रोजगारीमा जाँदा सर्वसाधारण जनतालाई आवश्यक पर्ने कागजात पनि विभागले प्रमाणित गर्दै आएको छ ।

**कारोना संक्रमणबाट मुक्त भएपछि पनि ढुक्क नबनौं**

- श्वास फेर्न धेरै गाह्रो भए,
- निद्रा नलाग्ने, झर्को लाग्ने, तनाब महशुस भए,
- धेरै थकाई र कमजोरी महशुस भए,
- एकाएक रक्तचाप घटबढ भए,
- थोरै हिंड्दा पनि स्वाँ-स्वाँ बढे,

*सचेत बनौ र नजिकको स्वास्थ्य संस्थामा सम्पर्क गर्न ढिला नगरौं ।*

नेपाल सरकार
**विज्ञापन बोर्ड**

**थाहा नगरपालिका**
नगर कार्यपालिकाको कार्यालय
इन्द्रायणी चौर, मकवानपुर

**बालश्रम कानुनबमोजिम दण्डनीय छ ।**

**निकृष्ट बालश्रम मुक्त नगरपालिका स्थापनामा सहभागी बनौं ।**

**बाल श्रम भनेको के हो ?**

कुनै पनि बालबालिकालाई उनीहरुको स्वास्थ्य शारीरिक, मानसिक, बौद्धिक, नैतिक तथा सामाजिक विकासमा नकारात्मक प्रभाव पर्नुका साथै उनीहरुको शिक्षा प्राप्त गर्ने अधिकार कुण्ठित हुने गरी काममा लगाइनु बालश्रम हो ।





**बालश्रमले बालबालिकामा पर्नसक्ने नकारात्मक असरहरु**



- शारीरिक विकासमा असर पर्न सक्दछ ।
- गम्भीर चोटपटक वा अपाङ्गता हुन सक्दछ ।
- पैसा केन्द्रित मनोवृत्तिको विकास हुन सक्दछ ।
- विद्यालय जानबाट बञ्चित हुन सक्दछन् ।
- खराब व्यक्तिको सङ्गतमा पर्न सक्दछन् ।
- दुर्व्यवहारको शिकार हुन सक्दछन् ।

**थाहा नगरपालिका**
*इन्द्रायणी चौर, मकवानपुर*

**सूचना ! सूचना !! सूचना !!!**

सूचना प्रकाशित मिति : २०७८/०५/२०

यस थाहा नगरपालिका कृषि विकास शाखा इन्द्रायणी चौर मकवानपुरको आर्थिक वर्ष २०७८/०७९ को वार्षिक स्वीकृत कार्यक्रम अनुसार तरकारी बालीमा साना व्यवसायिक कृषि उत्पादन केन्द्र (पकेट) संचालन गर्नुपर्ने भएकोले थाहानगर भित्रका कृषक समूहहरु, कृषि सहकारी, कृषि फर्म र कृषि कम्पनीले आवश्यक तपसिलका कागजातसहित यो सूचना प्रकाशित मितिले ३० दिनभित्र कृषि शाखामा निवेदन पेश गर्नका लागि यो सूचना प्रकाशित गरिएको छ ।

**नोट:** *कार्यक्रम संचालन प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना कार्यान्वयन म्यानुअल अनुसार हुनेछ ।*

**आवश्यक कागजातहरू:**

१. निवेदन-१ प्रति *(अनुसूची-10 थाहा नगरपालिका कृषि शाखाबाट उपलब्ध हुने ।)*
२. कृषक समूह/कृषि सहकारी प्रमाणपत्रको प्रतिलिपी-१ प्रति
३. कृषक समूह/कृषि सहकारीको बैठक निर्णय प्रतिलिपी-१ प्रति
४. पान दर्ताको प्रमाणपत्रको प्रतिलिपी-१ प्रति
५. करचुक्ताको प्रमाणपत्रको प्रतिलिपी-१ प्रति
६. कार्यक्रम संचालनको लगत स्टीमेट-१ प्रति
७. उपभोक्ताहरुको जग्गाधनी (लालपुर्जा) प्रमाणपत्रको प्रतिलिपी-१ प्रति

**थप जानकारीका लागि सम्पर्क:**
**९८४५१०३३४१ र ९८४५०७२२००**

*- म्याद नाघि आएका र रीत नपुगेका निवेदनलाई कार्यक्रममा समावेश गरिने छैन ।*
- कृषि विकास शाखा

नेपाल सरकार
गृह मन्त्रालय
**राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण विभाग**
सिंहदरबार, काठमाडौं

**सामाजिक सुरक्षा परिचयपत्र**
**नवीकरण सम्बन्धी अत्यन्त जरूरी सूचना**



जेष्ठ नागरिक | एकल महिला | अशक्त/अपाङ्ग | लोपोन्मुख जाति | बालबालिका

सामाजिक सुरक्षा भत्ता प्राप्त गरिरहेका लाभग्राहीले २०७८ साल श्रावण १ गतेदेखि २०७८ भाद्र मसान्तसम्म आफ्नो स्थायी ठेगाना रहेको वडामा लाभग्राही स्वयं वा संरक्षक/माथवर उपस्थित भई अनिवार्य रुपमा परिचयपत्र नवीकरण गरौं ।

**तोकिएको समयमा नवीकरण नगराएमा सामाजिक सुरक्षा भत्ता प्रदान गरिने छैन ।**

**थाहा नगरपालिका**
नगर कार्यपालिका कार्यालय
इन्द्रायणी चौर मकवानपुर

● दिगो विकास मल्टिमिडिया (प्रा.) लि.द्वारा प्रकाशित ● मुद्रण : श्रीया अफसेट प्रेस हेटौंडा ● कार्यालय : थाहा-४, मकवानपुर ● इमेल: bikaskhabar@gmail.com ● सम्पादक : कुमार नेगी